# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (बाह्रौ बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७८।०३।०१ गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १२:५४ बजे प्रारम्भ भयो ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।
माननीय सदस्यहरु, अब मिति २०७८ साल जेठ ३१ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभासमक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आ.व. २०७८÷०७९ को नीति तथा कार्यक्रम माथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ३८ को उपनियम (२) बमोजिम छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल

सरकारको ०७८÷०७९ को नीति तथा कार्यक्रमको छलफलका सन्दर्भमा यहाँ उपस्थित भएका छौं । सभामुख महोदय, सबभन्दा पहिले म कुन परिस्थितिलाई एउटा अवस्थामा यो सरकार निर्माण भयो यो सर्वविदितै छ र सरकार बनिसकेपछि हाम्रा सामुन्ने ठूलो एउटा चुनौति उपस्थित भएको थियो । त्यो भनेको, एक दिनमा तयारी गरेर नीति तथा कार्यक्रम ल्याउनु पर्ने एकै दिनमा तयारी गरेर बजेट ल्याउनु पर्ने, त्यो एउटा चुनौतिको बिचमा यो सरकार अगाडि बढेको अवस्था हो र मैले धन्यवाद दिनै पर्छ । कि यो छोटो समयमा पनि हाम्रा गठवन्धनका पार्टीका नेताजीहरु

र हाम्रो गण्डकी प्रदेश सरकारका सम्पूर्ण सरकारी यन्त्रहरु सबैको अथक प्रयत्नबाट त्यो चिज सम्भव भएको छ र मेरो जानकारीमा यसरी एकरातमै नीति कार्यक्रम बजेट आउने सायद त्यो इतिहास विरलै होला यो सन्दर्भमा हाम्रा राजनीतिक दलका नेताजीहरु, सम्पूर्ण सरकारी संयन्त्रका मित्रहरु र यसलाई नीति तथा कार्यक्रमलाई एउटा निर्माण गर्नका लागि सहयोग गर्नु हुने सम्पूर्ण विज्ञ साथीहरु, अन्य सबैलाई म धन्यवाद दिन चाहन्छु र आज त्यो सम्भव भएको छ ।

म धन्यवाद दिन चाहन्छु कि हाम्रो प्रमुख प्रतिपक्ष दलका नेता निवर्तमान मुख्यमन्त्री, माननीय पृथ्वीसुव्वा गुरुङज्यूलाई यी र समयको परिस्थितिले सामान्य तरिकाको छलफल गरेर अगाडि बढ्ने अवस्था नरहेको संविधानको परिधिभित्र रहेर नीति तथा कार्यक्रम बजेट ल्याउँदा समयको अभाव हुने, यसलाई अगाडि संविधा अड्चन हुने त्यो परिस्थितिमा प्रदेशलाई प्रदेशको बजेट ल्याउनु पर्छ भन्ने सिद्धान्त जुन एउटा अण्डरस्टयाडिङ्ग बन्यो र एउटा प्रतिनिधिमूलक छलफल भयो र यसलाई अगाडि बढाउने परिस्थिति जुन उहाँले एउटा सयहोग पु¥याउनु भयो यसको लागि म धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय, माननीय सदस्यहरु, संवृद्ध प्रदेश सुखी नागरिकको साझा संकल्पको स्वामित्व ग्रहण गरेर प्रदेश सरकारले आ.वा. ०७८÷०७९ को नीति तथा कार्यक्रम ल्याएको छ । विगतका धेरै नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिएको छ । कतिपय नीतिहरुलाई शब्दमा व्यक्त नगरेर बजेट तथा वार्षिक विकास कार्यक्रममा संवोधन गर्ने प्रयास गरेका छौं । यस नीति तथा कार्यक्रममा आफ्ना सुझाव तथा प्रतिक्रिया उपलव्ध गराउनु हुने सबै माननीय सदस्यज्यूहरुमा आभार व्यक्त गर्न चाहन्छु । यस नीति तथा कार्यक्रमहरुमा यहाँबाट उपलव्ध भएको रचनात्मक कृयाकलापहरुलाई उच्च महत्व दिँदै आगामी बजेट तथा वार्षिक विकास कार्यक्रम तयार गर्ने क्रममा समेट्ने प्रयास गर्दछु । समावेशी र सन्तुलित विकास कार्यक्रमलाई प्राथमिकता दिँदै यस नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्रदेश विकासमा महत्वपूर्ण योगदान पुग्ने तथा यस प्रदेशको समृद्धिमा टेवा पुग्ने विषयमा प्रदेश सरकार विश्वस्त छ । नीति तथा कार्यक्रममा माननीय सदस्यज्यूहरुले उठाउनुभएका कुराहरुलाई समावेश गर्नेछु ।

सर्वप्रथम यस नीति तथा कार्यक्रममा रहेका कुराहरुलाई उल्लेख गर्न चाहन्छु । कोभिड महामारीको नियन्त्रण, रोकथाम, उपचार र राहतको सन्दर्भमा कोभिड संक्रमणका सबै नागरिकहरुलाई अनिवार्य रुपमा खोप उपलव्ध गराइने, कोभिड—१९ को संक्रमणका कारण  बाबु वा आमा, बालबालिकाहरुलाई नगद राहतको व्यवस्था गराइने । कोभिडका कारण मृत्युवरण  गरेको नागरिकहरुका परिवारलाई राहत उपलव्ध गराइनेछ । नियन्त्रणका लागि अग्रपंक्तिमा रही उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई, सुरक्षाकर्मीहरुलाई सर्वोत्कृष्ट पुरस्कारको व्यवस्था गरिने ।

कोभिड—१९ को संक्रमितहरुको उपचारलाई प्रभावकारी गराउन अत्यावश्यक स्वास्थ्य उपकरण सामग्री तथा औषधीको व्यवस्था गरिने । स्थानीय तहसँगको साझेदारीमा गर्भवति र सुत्केरीको घर-घरमा सेवा विस्तार गरिने । स्वास्थ्य विमा सरकारको जिम्मा अन्तरगत महिला स्वास्थ्य स्वयंसेविका तथा निलो कार्ड अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य विमामा आवद्ध गराइने । गण्डकी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटु, मृगौला र क्यान्सर रोगको उपचार गर्ने व्यवस्था गरिने । डायलिस सेवालाई नवलपुरको मध्यपुर अस्पताल र लमजुङ जिल्ला अस्पतालमा विस्तार गरिने। एम्वुलेन्स नभएका स्थानीय तहमा लागत साझेरीमा एक एम्वुलेन्सको व्यवस्था गरिने।

जेष्ठ नागरिक र बालबालिकालाई घरदैलोमा नै स्वास्थ्य सेवा प्रवाह गर्न स्थानीय तहसँग समन्वय र सहकारी गरिने । महिलाको स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, सर्भाइकल र पाठेघरको क्यान्सको उपचारमा तत्काल तथ्याङ्कन संकलन गरी तिनीहरुको निःशुल्क उपचारको व्यवस्था मिलाइने । राजधानीमा हुने अत्यधिक सडक दुर्घटनालाई विचार गरी नवलपुर, दमौली, स्यांजाको भिरकोट, वाग्लुङमा ट्रमा सेन्टरको स्थापना गरिने ।

सहिद स्मृति आवासिय माध्यमिक विद्यालयलाई व्यावसायिक विद्यालयको रुपमा संचालन गरिने । प्रत्येक निर्वाचन क्षेत्रमा आवासिय विद्यालय संचालन र व्यवस्थापन गरिने । छुवछूत मुक्त राष्ट्र नेपाल घोषणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नको लागि तत्कालीन घोषणा गर्न स्थानीय तहमा सर्वपक्षीय, सर्व दलिय वृहत सचेतनामूलक कार्यक्रमको व्यवस्था गरिने । ज्येष्ठ नागरिकहरुको निःशुल्क उपचारसहितको दिवा सेवा केन्द्र संचालन गरिने तथा जेष्ठ नागरिकहरुको स्याहार सुसारको सीप विकास

गरिने । प्रदेश भित्रका मुख्य उपत्यका भ्यालीको सीप विकासको लागिवृहत्तर परियोजना संचालन गर्न संघ र स्थानीयसँग सहकार्य गरिने ।

नारायण नदीमा बिच पार्क निर्माण गर्न अध्ययन गरी त्रिवेणी, देवघाट, केलादीघाट, राम्दीघाट, रुद्रवेणी, शालिकराम, वाग्लुङकालीका, पञ्चकोट, वराह, गलेश्वर, मुक्तिनाथ, दामोदर कुण्ड, विन्ध्यवासिनी पोखरा, करापुटार, व्यास दमौली, छिम्केश्वरी, गोरखकाली मनकामना जोड्ने धार्मिक परिपथको विकास गरिने । काठ तथा गैरकाष्ठ वन पैदावरजन्य उद्योगको स्थावना गर्न नीजि क्षेत्रसँग सहकार्य गरिने । नवलपुर, तनहुँ, कास्कीमा एक—एक वटा वन पैदावार आधारित मझौला उद्योग स्थापना गर्न सहयोग गरिने । राष्ट्रिय र प्रादेशिक लोकमार्ग बाट स्थानीय तहको केन्द्र जोड्ने सडकलाई आगामी २ वर्षभित्र स्तरोन्नति गरी कालोपत्र गरिने ।

प्रादेशिक लोकमार्ग, स्थानीय तहको केन्द्र जोड्ने सडक र अन्य सडकमा पर्ने नदी र खोलामा सडकपुल तथा पुलेसानिर्माण कार्यलाई निरन्तरता दिइने । उत्तर—दक्षिण द्रुतमार्ग, कोरला पोखरा दुम्कीवास हुँदै त्रिवेणीको निर्माण कार्यलाई निरन्तरता दिइने । दमौलीबाट बुद्धसिंह मार्ग हुँदै त्रिवेणी जोड्ने सडक निर्माणको कार्य अगाडि बढाइने । सांस्कृतिक तथा व्यापारिक महत्वको त्रिवेणी क्षेत्रको विकासको लागि गुरुयोजना तर्जुमा गरिने ।

त्रिवेणीधाम—दुम्कीवास सडक निर्माण प्रारम्भ गरिने । गण्डकी प्रदेश उज्यालो प्रदेशको संकल्पलाई पूरा गर्न सबै परिवारमा विद्युत सेवा पुर्याउने कार्य सम्पन्न गरिने। लोकतान्त्रिक आन्दोलन तथा जनयुद्धका द्वन्द्वपीडित व्यक्ति तथा परिवारका लागि राहत कार्यक्रम अन्तर्गत द्वन्द्वपीडितहरुको जीविकोपार्जनमा सुधार गर्ने सीपमूलक तालिम कार्यक्रमलाई निरन्तरता दिईने, प्रदेश भित्रका दण्डपीडितहरुको तथ्यांकलाई अद्यावधि गरी परिचय—पत्र उपलव्ध गराइने । सहिदहरुको स्मृतिमा निर्माण भएका संरचनाहरुको स्तरोन्नति र मर्मतसम्भार गरिने ।

सभामुख महोदय, माननीय सदस्यज्यूहरुले सभामुखहरुले उठाउनु भएका जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा राख्न चाहन्छु । नागरिकको जीवन रक्षा हाम्रो पहिलो प्राथमिकता रहेको छ । पूर्वाधार निर्माण लगायत अन्य कार्य गर्दै गरौंला । अहिले

नागरिकको जीवन बचाऔं । तसर्थ नीति तथा कार्यक्रमको प्राथमिकतामा स्वास्थ्य हुनु पर्छ र स्वास्थ्य नै छ । दायित्व सिर्जना भएका सम्पूर्ण कार्यहरुले निरन्तरता पाउने कुरा पाउने नै छन् । तसर्थ, एक घर एक धारा निर्वाचन क्षेत्र सडक, गण्डकी प्रदेश उज्यालो प्रदेश लगायतका कार्यक्रम बजेटमा समावेश भएका छन् । निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमले निरन्तरता पाउने.छ । प्रदेश सभाका सबै माननीयज्यूहरुको हैसियत र अधिकार समान हुने नीति अनुसार कार्यविधि परिमार्जन गरिनेछ । आर्थिक अनुदान दिँदा सचेत हुनुपर्छ भन्ने माननीयज्यूहरुको सुझाव सम्मानजनक छ र त्यही अनुसार नै कार्यविधि बनाएर कार्यक्रम संचालन गरिने छ ।

संविधानको मर्यादा राख्दै संविधनले दिएको अधिकारको परिधिभित्र हाम्रो नीति तथा कार्यक्रम रहेको छ । बजेटमा पनि त्यसरी नै आउने कुरा सम्माननीय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीँ समाप्त हुन्छ ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय मुख्य मन्त्री श्री कृष्णचन्द्र नेपाली पोखेरलज्यूलाई मिति २०७८ जेठ ३१ गते सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आ.व. २०७८-०७९ को नीति तथा कार्यक्रमलाई प्रदेश सभा नियमावलीको नियम ३८ को उपनियम ३ बमोजिम परित गरियोस् भन्ने प्रस्ताव सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा १८४ को उपधारा (२) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ३५ को उपनियम (१) बमोजिम माननीय प्रदेश प्रमुख श्री सिता कुमारी पौडेलज्यूले मिति २०७८ जेठ ३१ गते सोमवारका दिन सभामा प्रस्तुत गर्नुभएको आ.व. २०७८÷०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश सभा नियमावली २०७४

को नियम ३८ को उपनियम (३) बमोजिम पारित गरियोस् भनी सम्मानित सभा प्रस्ताव प्रस्तुत गर्न चाहान्छु ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला । यस प्रस्तावमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् । "हुन्छ" भन्ने माननीय सदस्यहरुको वहुमत भएकोले मिति २०७८ जेठ ३१ गते सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आ.व. २०७८÷०७९ को नीति तथा कार्यक्रम वहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब यो वैठक ४ बजेसम्मको लागि स्थगित हुन्छ ।